# विशिष्टिकृत क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने रेडियो/एफ.एम रेडियोलाई अनुदान वितरण सम्बन्धि कार्यविधि, २०७३

प्रचलित कानून बमोजिम दर्ता, इजाजत प्राप्त रेडियो/एफ.एम. रेडियोहरुमध्ये कुनै विशिष्टिकृत क्षेत्रमा कार्यक्रम सञ्चालन गरि सार्वजनिक उत्तरदायित्व वहन गराउने काममा सहयोग पु-याउन नेपाल सरकारले उपलब्ध गराउने अनुदान तथा आर्थिक सहायता रकम वा सूचना तथा सञ्चार मन्त्रालयको अनुदान शीर्षकमा वार्षिक रुपले विनियोजन हुने एकमुष्ट रकमको बाँडफाँड र खर्च प्रक्रिया सुव्यवस्थित, पारदर्शी, नियमित र अनुगमन गर्ने उद्देश्यले सूचना तथा सञ्चार मन्त्रालयले यो कार्यविधि जारी गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम "विशिष्टिकृत क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने रेडियो/एफ.एम रेडियोलाई अनुदान वितरण सम्बन्धि कार्यविधि, २०७३" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयले निर्णय गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः-

(क) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार मन्त्रालय सम्झनु पर्दछ ।

(ख) "रेडियो/एफ.एम. रेडियो" भन्नाले प्रचलित कानून बमोजिम लाईसेन्स र इजाजत लिई दर्ता भई सञ्चालनमा आएका रेडियो वा एफ.एम. रेडियो सम्झनुपर्छ।

(ग) "कार्यविधि" भन्नाले" विशिष्टिकृत क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने रेडियो/एफ.एम रेडियोलाई अनुदान वितरण सम्बन्धि कार्यविधि, २०७३" लाई सम्झनु पर्दछ ।

## ३. अनुदान तथा आर्थिक सहयोग सम्बन्धी व्यवस्था

सरकारले वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी वा समय समयमा रेडियो/एफ.एम. रेडियोहरुलाई कुनै विशिष्टतकृत क्षेत्रमा कार्यक्रम सञ्चालनमा सहयोग गर्न अनुदान वा आर्थिक सहयोगको रुपमा उपलब्ध गराउन बजेट रकम उपलब्ध गराउन सक्ने छ। यसरी विनियोजन भई आउने अनुदान वा आर्थिक सहायताको रकमको बाँडफाँड, स्वीकृती र वितरण यस कार्यविधि अनुसार गरिने छ।

## ४. अनुदान वा सहायता रकमबाट सञ्चालन गर्न सकिने कार्यक्रमहरु

यस कार्यविधि बमोजिम अनुदान तथा आर्थिक सहायता प्राप्त गर्न चाहने रेडियो/एफ.एम. रेडियोहरुले कुनै विशिष्टीकृत  क्षेत्रमा कार्यक्रम तयार गरी प्रशारण गर्नु पर्नेछ:-

(क) स्वास्थ्य, शिक्षा, रोजगारी, सरसफाई, पुर्वाधार विकास, खानेपानी, कृषी तथा पशुपालन, कुटिर तथा घरेलु उद्योग सम्बन्धी, आदी।

(ख) महिला, बालबालिका, दलित, आदिवासी जनजाती, मुस्लिम, पिछडिएका वर्गहरुको उत्थान सम्बन्धी ।

(ग) पिछडिएको वा अल्पसंख्यक वर्गको भाषा, संस्कृती सम्बन्धी।

(घ) देशका अति दुर्गम क्षेत्रमा स्थापना भई सो क्षेत्रको स्थानीय विषयमा कार्यक्रम तयार गर्ने गरी प्रशारण गर्ने।

(ङ) मन्त्रालयले तोकेका अन्य कार्यक्रमहरु।

## ५. सूचना प्रकाशित गर्ने:

(क) यस कार्यविधी बमोजिमको अनुदान वितरणका लागि मन्त्रालयले कम्तिमा १५ दिनको म्याद दिई प्रस्ताव आव्हान सम्बन्धी सूचना प्रकाशित गर्नुपर्नेछ। सो अवधिभित्र इच्छुक रेडियो/एफ.एम. रेडियोहरुले दफा ७ मा उल्लेखित कागजातहरु र

दफा ९ मा उल्लेखित विवरणहरु सहित संलग्न गरी सञ्चालन गरिने कार्यक्रमको प्रस्ताव मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(ख) यसरी प्राप्त हुन आएका प्रस्तावहरुमध्ये अनुदान उपलब्ध गराउनका लागि रेडियो/एफ.एम. रेडियोहरुलाई दफा ६ मा उल्लेखित छनौट तथा सिफारिश समितिले छनौट र सिफारिश गरे बमोजिम मन्त्रालयले छनौट गरी तोकिए बमोजिमको सम्झौता गरी अनुदान रकम उपलब्ध गराउने छ।

**६. छनौट तथा सिफारिश समितिः**

दफा ५ बमोजिम प्राप्त प्रस्तावहरु मध्येबाट उपयुक्त रेडियो/एफ.एम. रेडियोहरु छनौट गरी मन्त्रालय समक्ष सिफारिश गर्न देहाय बमोजिमको छनौट तथा सिफारीश समिति गठन गरिनेछः-

(क) सह सचिव, सञ्चार महाशाखा, सूचना तथा सञ्चार मन्त्रालय - संयोजक

(ख) सामुदायिक रेडियो प्रसारक संघ नेपालका अध्यक्ष वा अध्यक्षले तोकेको प्रतिनिधि - सदस्य

(ग) ब्रोडकाष्टिङ एसोसियसन अफ नेपालका अध्यक्ष वा अध्यक्षले तोकेको प्रतिनिधि - सदस्य

(घ) उप सचिव, प्रेस तथा सूचना समन्वय शाखा, सूचना तथा सञ्चार मन्त्रालय - सदस्य

(ङ) शाखा अधिकृत, प्रेस तथा सूचना समन्वय शाखा, सूचना तथा सञ्चार मन्त्रालय - सदस्य सचिव

**७. प्रस्तावसाथ संलग्न राख्नुपर्ने कागजातहरू**

(१) प्रशारण संस्था दर्ता प्रमाणपत्र –(नवीकरण समेत),

(२) कर चुक्ता प्रमाणपत्र,

(३) अघिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदन,

(४) अघिल्लो आ.व.मा त्यस्तो सहयोग पाएको भए कार्य प्रगति विवरण ,

(५) प्रतिवेदन, प्रकाशन आदि भए सो ।

## ८. रकम बाँडफाँट गर्ने आधारहरू

अनुदान शिर्षकमा विनियोजित रकम मन्त्रालयले देहाय बमोजिम बाँडफाँड गर्नेछः-

(क) बजेटको उपलब्धता, सम्बन्धित रेडियो/एफ.एम. रेडियोहरुले पेश गरेको विस्तृत विवरण सहितको कार्यक्रम प्रस्ताव र प्रस्तावित कार्यक्रमको औचित्य एवं सान्दर्भिकता समेतको अध्ययन गरी सम्बन्धित रेडियो/एफ.एम. रेडियोहरुलाई अनुदान उपलब्ध गराउने गरी बाँडफाँड गर्न सक्नेछ ।

(ख) अनुदान वा आर्थिक सहयोग रकम निर्धारण गर्दा लैङ्गिक समानता एवम् महिला सशक्तीकरणका क्षेत्रमा कार्यरत रेडियो/एफ.एम. रेडियोहरु, सामुदायिक तथा गैरब्यापारिक र गैरनाफामूलक एफ.एम.रेडियोहरुलाई प्राथमिकता दिइनेछ ।

(ग) माथि दफा ४ मा उल्लेख भएका कार्यक्रमहरु मध्येका कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गर्ने रेडियो/एफ.एम. रेडियोहरुलाई प्राथमिकता दिइनेछ।

(घ) प्राप्त प्रस्तावहरुको अध्ययन, जाँचबुझ गरी मन्त्रालयले अनुदान वा सहायता रकमको बाँडफाँड गर्नेछ।

## ९. प्रस्तावमा उल्लेख हुनुपर्ने विवरणहरू

अनुदान सहयोग माग गर्ने संस्थाले कार्यक्रम प्रस्तावसाथ निम्न लिखित विवरण उल्लेख गर्नु पर्नेछः-

(१) रेडियो/एफ.एम. रेडियोहरुको स्थापना, उद्देश्य र परिचय,

(२) हालसम्म गरिएका प्रमुख कार्यहरु र योगदान,

(३) यस अघि मन्त्रालयबाट कुनै अनुदान सहयोग प्राप्त गरेको भए सो सम्बन्धी विवरण -आ.व.र रकम),

(४) रेडियो/एफ.एम. रेडियोहरुको बैंक खाता नं. र बैंकको ठेगाना

(५) प्रस्तावित कार्यक्रमको रुपरेखा:- माथि दफा ४ बमोजिमका कार्यक्रमहरु मध्येबाट कार्यक्रमहरुको उद्देश्य, कार्यक्रम गरिने स्थान, समय, कार्यक्रम अन्तरगत गरिने क्रियाकलापहरु, कार्यक्रमको कूल लागत, व्यहोर्ने श्रोतहरु, सूचना तथा सञ्चार मन्त्रालयबाट अपेक्षा गरिएको प्रस्तावित सहयोग रकम, कार्यक्रमबाट पुग्ने प्रत्यक्ष, अप्रत्यक्ष लाभ तथा उपलब्धि, कार्यक्रमको लक्षित समूह र अन्य सान्दर्भिक विषयहरु) ,

(६) सञ्चालन गरिने कार्यक्रम र बजेटको विवरण।

(७) सो कार्यक्रम प्रशारण गर्न प्रयोग गरिने समय सहितको लागत।

**१०. अनुदान तथा सहायताको बाँडफाँड, स्वीकृति र सम्झौता गर्ने**

(१) मन्त्रालयले प्राप्त प्रस्तावहरु मध्ये दफा ६ समेतका आधारमा रेडियो/एफ.एम. रेडियोहरुको छनौट गरी कार्यक्रम र बजेट स्वीकृत गर्नेछ।

(२) छनौट भएका रेडियो/एफ.एम. रेडियोहरुलाई कुनै विशिष्टिकृत क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न सम्झौता गर्न मन्त्रालयमा सम्पर्क गर्न १५ दिनको म्याद दिई जानकारी गराउने छ।

(३) छनौट भएको रेडियो/एफ.एम. रेडियोहरुले मन्त्रालयबाट जानकारी प्राप्त भएको १५ दिन भित्र आधिकारीक प्रतिनिधिले मन्त्रालयमा अनुदान वा सहयोग सम्झौता गर्नुपर्नेछ।

(८) मन्त्रालय र अनुदान वा आर्थिक सहयोग प्राप्त गर्ने रेडियो/एफ.एम. रेडियोहरुबीच रकम भुक्तानीको सम्झौता गर्दा देहायमा उल्लेखित शर्तहरु उल्लेख गर्नु पर्नेछ:-

(क) मन्त्रालय र अनुदान वा सहयोग प्राप्त गर्ने रेडियो/एफ.एम. रेडियोहरुबीच तोकिए बमोजिम सम्झौता हुनेछ।

(ख) अनुदान रकम चालु आ.व. भित्रै खर्च/ कार्यक्रम सञ्चालन गर्नुपर्ने, कार्यान्वयनको प्रगति विवरण समय समयमा मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

(ग) कार्यक्रम सञ्चालन र रकम खर्च गरेको उपलब्धी सहितको कार्य प्रगति प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

(घ) रकम प्राप्त गर्ने संस्थाहरुले प्रचलित कानून बमोजिम आय व्ययको लेखा राख्नुपर्ने र प्रचलित कानून बमोजिम स्वीकृत लेखापरिक्षकबाट लेखापरिक्षण गराई सो को लेखापरिक्षण प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(ङ) सम्झौता गरिए बमोजिमको कार्यक्रममा अनुदान रकम खर्च नगरिए वा अनुदान रकम दुरुपयोग भएको अवस्थामा त्यसको जिम्मेवारी अनुदान लिने रेडियो/एफ.एम. रेडियोहरुका पदाधिकारीको हुनेछ।

(च) अनुदान रकम संस्थाको प्रशासनिक र उपभोग खर्च, कर्मचारीको तलब भत्तामा उपयोग गर्न पाइने छैन।सम्झौता गर्दा जुन विशिष्टिकृत क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने भनिएको छ सोही विषयमा मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(छ) अनुदानको उपयोग र खर्च गर्दा प्रचलित आर्थिक ऐन नियमको पालना गर्नुपर्नेछ।

(ज) श्रमजीवी पत्रकार सम्बन्धी ऐन नियमहरुको पालना गरेको हुनुपर्ने।

(झ) अनुदान रकम उपलब्ध गराइएका संस्थाहरुले अनुदानसंग सम्बन्धित कार्यक्रमहरुको स्थलगत अनुगमन सूचना तथा सञ्चार मन्त्रालयले गर्ने गराउने छ।

## ११. अनुगमन र अभिलेख राख्ने:

मन्त्रालयले कार्यक्रम सञ्चालनको नियमित अनुगमन गर्नेछ। अनुदान प्राप्त गर्ने रेडियो/एफ.एम. रेडियोहरुले त्यस्तो रकम निर्धारित कार्यक्रममा खर्च नगरेको पाइएमा वा मन्त्रालयमा पेश गर्नुपर्ने विवरण पेश नगरेमा, रकमको उपयोग नभएको वा दुरुपयोग भएको पाइएमा वा प्राप्त उजुरी छानविनबाट त्यस्तो प्रमाणित हुन आएमा त्यस्तो रेडियो/एफ.एम. रेडियोहरुलाई त्यस्तो अनुदान रकम फिर्ता गर्न आदेश दिन सक्नेछ। मन्त्रालयले त्यस्ता संस्थाहरुको नाम कालो सूचीमा राखि त्यस्ता संस्थाहरुलाई पछिल्लो ३ वर्षका लागि कुनै पनि सरकारी आर्थिक सहयोग वा अनुदान सहायता रोक्का गर्न सक्नेछ।

## १२. रकम निकासा र कार्यप्रगति विवरण

(१) स्वीकृत रकम सम्झौता भएपछि रकम उपलब्ध गराउने छ।

(२) कार्यक्रमहरु चालु आ.व. भित्रै सम्पन्न गरी सो को प्रतिवेदन मन्त्रालयमा बुझाउनु पर्नेछ।